# कर बुलेटिन
Tax Bulletin

http://www.ird.gov.np
आन्तरिक राजस्व विभागको मासिक प्रकाशन

वर्ष ४, अङ्क ३, २०७३ असोज, Year 4, Issue 3, October 2016


## राजस्व संकलन ३८ प्रतिशतले वृद्धि

काठमाडौं । आर्थिक वर्ष २०७३/०७४ असोज मसान्तसम्मको राजस्व संकलनमा गत वर्षको सोही अवधिको तुलनामा ३८ प्रतिशतले वृद्धि भएको छ। आर्थिक वर्ष २०७३/०७४ असोज महिनासम्मको राजस्व संकलनको लक्ष्य रु. ४० अर्व २८ करोड ५५ लाख १९ हजार रहेकोमा रु. ४१ अर्व ३७ करोड २८ लाख ६९ हजार संकलन भई लक्ष्यको तुलनामा १०३ प्रतिशतको प्रगति

२०७३/७४ असोज महिनासम्मको प्रगति रु हजारमा

| शीर्षक | वार्षिक लक्ष्य | असोज महिना सम्मको | | प्रगती प्रतिशतमा | वृद्धिदर |
|---|---|---|---|---|---|
| | | लक्ष्य | प्रगति | | |
| आयकर | ११४१८९८३० | १२५६०८९५ | १४२९८११५ | ११४ | १४३ |
| वहालकर | ३७५२४१० | ७१२९७१ | ८८२९०२ | १२४ | १२२ |
| व्याजकर | ९५८०१०० | २३९५०१५ | १९८६२१६ | ८३ | ११७ |
| आयकर जम्मा | १२७५२२३४० | १५६६८८८१ | १७१६७२३३ | ११० | १३८ |
| मू.अ.कर | ५९३२८७५४ | १४२३८८९६ | १४५७०१८७ | १०२ | १२३ |
| अन्त:शुल्क | ४५०२५२३२ | ९९०५५५५ | ९२२००४३ | ९३ | १६८ |
| शिक्षा सेवा शुल्क | ७५६२४८ | १८१५०१ | १७३७६८ | ९६ | १३३ |
| स्वास्थ्य सेवा शुल्क | ९६८९४३ | २९०६८६ | २४१६३८ | ८३ | १२९ |
| जम्मा | २३३६०१५१७ | ४०२८५५१९ | ४१३७२८६९ | १०३ | १३८ |

भएको छ। शिर्षकगत रूपमा हेर्दा आयकर तर्फ रु. १७ अर्व १६ करोड ७२ लाख ३३ हजार, मूल्य अभिवृद्धि कर रु. १४ अर्व ५७ करोड १ लाख ८७ हजार र अन्त:शुल्क तर्फ रु. ९ अर्व २२ करोड ४३ हजार संकलन भएको छ। सो रकम लक्ष्यको तुलनामा आयकर तर्फ ११० प्रतिशत, मूल्यअभिवृद्धि कर तर्फ १०२ प्रतिशत र अन्तशुल्क तर्फ ९३ प्रतिशत हो। त्यसैगरी शिक्षा सेवा शुल्क र स्वास्थ्य सेवा कर क्रमश: रु. १७ करोड ३७ लाख ६८ हजार र रु. २४ करोड १६ लाख ३८

बाँकी १२ पेजमा....

# कार्य सम्पादन सम्झौता सम्पन्न



कार्य सम्पादन सम्झौतामा हस्ताक्षर गर्नुहुँदै महानिर्देशक श्री चुडामणि शर्मा

काठमाडौं । निजामती सेवा ऐन, २०४९ को दफा १५ (२) बमोजिम आन्तरिक राजस्व विभागको काम कारवाहीलाई प्रभावकारी बनाउन आन्तरिक राजस्व विभागका महानिर्देशक श्री चुडामणि शर्मा र उपत्यकास्थित कार्यलयका प्रमुखहरुबीच विभागमा आयोजित एक विशेष कार्यक्रममा असोज २० गते विहीवार कार्यसम्पादन सम्झौता सम्पन्न भएको छ । सम्झौतामा उल्लेख भएका कार्यसम्पादन सूचकहरुले नतिजामुखी कार्य सम्पादन हुने अपेक्षा विभागले लिएको छ । कार्य सम्पादन सम्झौतामा उल्लिखित कार्यहरु अन्य निकायको कार्य सम्पादनको समय, लागत समेतमा आधारित हुने भएमा सो कारणले र कार्य सम्पादनको क्रममा काबु बाहिरको परिस्थिति परी कार्य सम्पन्न हुन नसक्ने अवस्था भएमा कार्य सम्पादन सूचक र भारमा सम्झौता गर्ने र अनुगमन गर्ने पदाधिकारीहरुको सहमतिमा परिवर्तन गर्न सकिने गरी दुवै पक्षको बीचमा कार्य सम्पादन संझौता भएको छ ।

विभागमा आयोजित कार्यक्रममा आन्तरिक राजस्व विभागका महानिर्देशक श्री चुडामणि शर्माले कार्यालय प्रमुखहरुकोबीचमा हस्ताक्षर गरी सम्झौता आदान प्रदान गरिएको थियो ।

कार्यक्रममा महानिर्देशक शर्माले आन्तरिक राजस्व विभागमा भर्खरै सरुवा भएर आउनु भएका उपमहानिर्देशकहरु श्री चन्द्रकला पौडेल, श्री राजेन्द्रप्रसाद पौडेल तथा श्री धनिराम शर्मालाई स्वागत गर्नु भएको थियो भने असोज २१ गतेबाट सेवा निवृत्त हुनु भएका उपमहानिर्देशक श्री राममणि दुवाडीको विदाई गर्नु हुँदै आगामी दिन सुखमय होस् भन्ने कामना गर्नु भएको थियो । राजस्व सचिव तथा विभागका महानिर्देशक बीचमा कार्य सम्पादन सम्झौता गरिएको र सोही अनुसार आन्तरिक राजस्व विभाग र कार्यालय प्रमुखसँग कार्य सम्पादन सम्झौता गरिएको महानिर्देशक शर्माले बताउनुभयो। लक्ष्यभन्दा माथि उठेर कार्य सम्पादन गर्न निर्देशन दिनुहुँदै उहाँले वस्तुनिष्ठ र संवेदनशील भएर कार्य सम्पादन गर्न पनि निर्देशन दिनुभयो । केही कुरा वस्तुनिष्ठ ढंगले

बाँकी ६ पेजमा....

## यसभित्र


कर चुहावट हुने संभावनालाई सूचना प्रविधिको व्यवस्थित उपयोगबाट न्यूनीकरण गर्न चाहन्छौं
श्री धनिराम शर्मा, उपमहानिर्देशक-आन्तरिक राजस्व विभाग
पृष्ठ ३

करदाता शिक्षा तथा अन्तर्क्रिया कार्यक्रम सम्पन्न
पृष्ठ ५

अन्त:शुल्क स्टिकर सम्बन्धी कार्यक्रम
पृष्ठ ११



# महानिर्देशकको सन्देश

**अबका दिनमा विकास निर्माणले गति लिई व्यापक रूपमा आर्थिक क्रियाकलापमा बढोत्तरी हुने अपेक्षा गरिएको छ । आर्थिक क्रियाकलापमा हुने वृद्धिसंगै सरकारी तथा नीजी क्षेत्रमा हुने आर्थिक कृयाकलापको सूक्ष्म रूपमा अनुगमन तथा सूचना संग्रह गरी कानून बमोजिम राजस्व दाखिला भए नभएको तथ्यांक संकलन गर्ने कार्यमा निरन्तर रूपमा लागि रहन सवैको ध्यानाकर्षण गर्न चाहन्छु ।**

आर्थिक वर्ष २०७३/७४ को प्रथम ३ महिना राजस्व असूलीको हिसावले सुखद देखिएको छ । यसको लागि आन्तरिक राजस्व विभाग र अन्तर्गतका कार्यालयहरूमा कार्यरत सम्पूर्ण कर्मचारी एवं समग्र कर दातालाई बधाई तथा धन्यवाद दिन चाहन्छु । तोकिएको लक्ष्यभन्दा बढी राजस्व संकलन र आन्तरिक कर प्रशासनको थप प्रभावकारिताका लागि बाँकी ९ महिना अधिक मेहनतका साथ काम गर्नुपर्ने अवस्था छ । नेपालीहरूको महान चाड विजया दशमी विदाको कारण कार्यालयको काममा केही सुस्तता आएको भए पनि अब थप ऊर्जा र लगनका साथ सवैले बाँकी लक्ष्य प्राप्तिमा लाग्नु पर्ने अवस्था छ ।

एकातर्फ राजस्व असूलीमा हाल भइरहेको वृद्धि दरको अनुपात भन्दा अझ बढी अनुपातमा राजस्व असूली गर्नुपर्नेछ भने अर्को तर्फ तोकिएका कार्यगत लक्ष्यलाई गुणस्तरीय र मापन योग्य आधारमा कार्य सम्पादन गरी आन्तरिक राजस्व प्रशासनको साख अझ माथि उठाउनु छ । तसर्थ आन्तरिक राजस्व प्रशासनमा कार्यरत सम्पूर्ण कर्मचारीहरूलाई मन, वचन र कर्मले अन्तर निकायसँग समन्वय गरी आगामी दिनमा तोकिएको लक्ष्य प्राप्तिमा अग्रसर भई काम गर्न निर्देश गर्दछु ।

हामी सम्पूर्ण नेपालीबीच सांस्कृतिक र सामाजिक सद्भाव कायम राख्न सफल सदियौंदेखि मनाउंदै आएको विजया दशमीले हामीबाट भर्खर विदा लिएको छ भने हाम्रा सांस्कृतिक धरोहरका रूपमा रहेका अन्य पर्वहरू हाम्रो संघारमा आइपुगेका छन् । अबका दिनमा विकास निर्माणले गति लिई व्यापक रूपमा आर्थिक क्रियाकलापमा बढोत्तरी हुने अपेक्षा गरिएको छ । आर्थिक क्रियाकलापमा हुने वृद्धिसंगै सरकारी तथा नीजी क्षेत्रमा हुने आर्थिक कृयाकलापको सूक्ष्म रूपमा अनुगमन तथा सूचना संग्रह गरी कानून बमोजिम राजस्व दाखिला भए नभएको तथ्यांक संकलन गर्ने कार्यमा निरन्तर रूपमा लागि रहन सवैको ध्यानाकर्षण गर्न चाहन्छु ।

श्रीमान् राजस्व सचिवज्यू र महानिर्देशकको बीचमा कार्य सम्पादन सम्झौता भए पश्चात् महानिर्देशक र कार्यालय प्रमुखहरू, विभागका उपमहानिर्देशकहरू तथा निर्देशकहरू बीचमा कार्य सम्पादन सम्झौता भई सकेको छ । कार्य सम्पादन सम्झौतामा उल्लेख भएका कार्यहरू र आर्थिक वर्ष २०७३/७४ को राजस्व नीति तथा कार्यक्रममा उल्लेख भएका कार्यहरूमा लगनशील भई कार्य सम्पन्न गर्नु हुनेछ भन्ने अपेक्षा लिएको छु ।

अन्त्यमा राजस्व असूली समेतका समग्र राजस्व व्यवस्थापनको कार्यमा योगदान गर्नुहुने उद्योगी, व्यवसायी, पेशाकर्मी, पेशागत संघ संस्था, आन्तरिक राजस्व प्रशासनमा कार्यरत सम्पूर्ण कर्मचारी एवं आर्थिक कृयाकलापमा सम्वद्ध सवै प्रति बत्तीको झिलिमिलि एवं धन धान्यको पर्व तिहार (दीपावली), नेपाल सम्वत् ११३७ तथा छठ पर्व, २०७३ को पावन अवसरमा सवैमा हार्दिक शुभकामना व्यक्त गर्न चाहन्छु ।

२०७३, कात्तिक

**चुडामणि शर्मा**
महानिर्देशक



# कर चुहावट हुने संभावनालाई सूचना प्रविधिको व्यवस्थित उपयोगबाट न्यूनीकरण गर्न चाहन्छौं

**श्री धनिराम शर्मा**, उपमहानिर्देशक–आन्तरिक राजस्व विभाग

**० आर्थिक वर्षको प्रथम तीन महिना व्यतित भै सकेको सन्दर्भमा राजस्वको लक्ष्य र असुलीको वारेमा बताइदिनुस् न ?**

- आन्तरिक राजस्व विभागले सरकारको कूल राजस्वको करिव ४१ प्रतिशत राजस्व असुल गर्दछ । आर्थिक वर्ष ०७२/०७३ मा विभागलाई विभिन्न शिर्षकमा गरी २ खर्व ३३ अर्व ६६ करोड राजस्वको लक्ष्य प्राप्त भएको छ। यस वर्ष आर्थिक वर्षको सुरु देखि नै राजस्व असुली सकारात्मक छ । २०७३ असोजसम्मको असुली हेर्दा लक्ष्य भन्दा झण्डै १ अर्व भन्दा बढी राजस्व असुली भएको छ। आगामी महिनाहरुमा समेत राजस्व असुली लक्ष्य वमोजिम नै हुने विभागको अपेक्षा छ। सरकारको वित्त व्यवस्थापनको सवै भन्दा महत्वपूर्ण अंश आन्तरिक राजस्व लक्ष्य भन्दा बढी असुल गर्ने अभियानमा सम्पूर्ण कर परिवार प्रतिवद्ध भएको मैले पाएको छु। तसर्थ राजस्व संकलनको हिसावले यो वर्ष सुखद रहने मेरो ठम्याई छ ।

**० मुलुकको समग्र राजस्वमा आन्तरिक राजस्व परिचालनको वर्तमान अवस्था र यसको योगदानवारे यहाँको धारणा बताइदिनुहोस् न ?**

- विगत वर्षहरुमा राजस्व प्रणालीमा गरिएका सुधारहरुका कारण राजस्वको संचालनमा ठूलो परिवर्तन आएको छ। कर राजस्वमा अन्तर्राष्ट्रिय व्यापारमा आधारित करको योगदान क्रमशः घट्दै गएको छ भने आयकरको योगदान कूल कर राजस्वमा एक चौथाई पुगेको छ। आधुनिक कर प्रणालीको रुपमा लागू गरिएको मूल्य अभिवृद्धि कर कर राजस्वको महत्वपूर्ण हिस्सा बनेको छ। कूल कर राजस्वमा आन्तरिक कर राजस्वको योगदान करिव ८० प्रतिशत छ । मुलुकको आर्थिक संरचना आयातमुखि भएको वर्तमान अवस्थामा मूल्य अभिवृद्धि कर र अन्तः शुल्कको महत्वपूर्ण हिस्सा भन्सार विन्दूमा संकलन हुने गरेको छ । मुलुकको अर्थ संरचनाको स्वरुप राजस्व संचालनमा पनि देखिनु स्वभाविक हो। तथापि बलियो प्रणाली स्थापित गर्न सकिएमा भविस्यमा अर्थतन्त्रको संचालनमा परिवर्तन हुँदा पनि आन्तरिक राजस्वले सरकारलाई आवश्यक पर्ने श्रोत व्यवस्थापन गर्न सक्छ । सोही दिशामा आन्तरिक राजस्व प्रणालीलाई सवलीकरण गर्दै जानुपर्छ ।

**० हाल कारोवार गरिरहेका करदाताको कर सहभागिताको स्तर र सामस्या वारेका केही वताइदिनुस् न ?**

- आन्तरिक राजस्व परिचालनको एउटा प्रमुख चुनौती भनेको सही कर सहभागिता गराउनु हो । हाम्रो सम्पूर्ण क्रियाकलापहरुको प्रभाव कर सहभागिताको स्तरमा देखिनु पर्छ। करमा दर्ता नहुने, समयमा विवरण पेश नगर्ने, कर वक्यौता राख्ने, कर कम तिर्ने वा नतिर्ने प्रवृतिले कमजोर कर सहभागिताको अवस्था बताउँछ । हामी कहाँ पनि करदाता ठूलो संख्यामा Nonfiler बस्नु, दर्ता नै नहुनु, वक्यौता राख्नु, मूल्य अभिवृद्धि करमा ठूलो भागमा क्रेडिट विवरण र शून्य विवरण प्राप्त हुनु कमजोर कर सहभागिताका उदाहरण हुन्। हामीले हाम्रा व्यवहारहरु करदातालाई सही कर सहभागिता गराउने तर्फ केन्द्रित गराउनु पर्ने अवस्था छ।

**० बजारमा विल विजक लिने दिने तथा कर चुहावट नियन्त्रणका लागि विभागबाट कस्ता क्रियाकलाप संचालन भइरहेका छन् सो वारेमा बताइदिनुस् ?**

- हामी सवैले स्वीकार गर्नु पर्ने कुरा के छ भने बजारमा न्यून विजकीकरण गर्ने वा विजकीकरण नै नगर्ने तथा कर नियतवस नतिर्ने प्रवृति छ। यो कर प्रशासनको लागि चुनौतीको विषय पनि हो । अर्कोतिर सही कर सहभागिता गर्ने र कर चुहावट गर्नेलाई हाम्रो व्यवहार एउटै भयो भने त्यो स्वच्छ

कर व्यवहार हुदैन । तसर्थ हामी कर चुहावट गर्ने र नियतवस कर छल्नेहरुको व्यवसायिक लागत बढाई दिन चाहन्छौं । निश्चय पनि त्यस्ता व्यक्ति वा कम्पनी प्रति हामीले कानून बमोजिम कारवाही गर्न सक्नुपर्छ । हामी एकातिर करदातालाई सचेतना दिने, सेवालाई सरल र सहज वनाउने काम गर्छौं भने अर्कोतिर नियतवस कर नतिर्ने उपर सूचना आधारित भएर कानुन बमोजिम कर निर्धारण गर्छौं । यस विभाग अन्तरगतका कार्यालयहरुलाई स्पष्ट निर्देशन सहित अनुसन्धनात्मक कर परिक्षण लगायतका लक्ष्यहरु तोकी पठाइएको छ। कार्यालयवाट गरिएको काम कारवाहीको गुणस्तरको सम्वन्धमा हामी विभागवाट पनि अनुगमन गर्छौं । कार्यालयलाई आवश्यक परे सहजीकरण पनि गर्छौं । कर छल्ने प्रवृति विरुद्ध हामी सतर्क छौं ।

**० वक्यौताको असुली सम्वन्धमा विभागले के कस्ता उपाय अवलम्वन गर्दै आएको छ ? प्रकाश पारिदिनुहोस् न ?**

- वक्यौताको अंश बढ्दै जानु निश्चय पनि कर प्रशासनका लागि सुखद पक्ष होइन । सरकारको संचित कोषमा प्राप्त हुनुपर्ने कर समयमा नै प्राप्त हुनुपर्छ। त्यसैले बक्यौता राख्ने करदातालाई विशेष रुपले हेर्न कार्यालयहरुलाई निर्देशित गरिएको छ । बक्यौता तिर्न अटेर गर्ने करदाताको सम्पत्ति दाबि लगायतका कानूनी कारवाहीका लागि पनि हामी पछि पर्दैनौं ।

**० आन्तरिक राजस्व प्रशासनका कार्यहरु प्रविधि मैत्री छ भनिन्छ, सूचना प्रविधिको प्रयोगको अवस्था वारे बताइदिनु हुन्छ कि ?**

- अहिलेको राजस्व प्रशासन सूचना प्रविधिमा आधारित हुनुपर्छ भन्ने विश्वव्यापी मान्यता छ । हामी सूचना प्रविधिको माध्यमवाट एकातिर करदातालाई सक्षम रुपले सेवाको पहुँच पुऱ्याउन चाहन्छौं भने कर चुहावट हुने संभावनालाई सूचना प्रविधिको व्यवस्थित उपयोगबाट न्यूनीकरण गर्न चाहन्छौं । सूचना प्रविधिमा पनि हामी विद्युतिय माध्यमवाट करदातालाई सूचना तथा सन्देशहरु प्रवाह गरिरहेका छौं । प्रणालीलाई अझ वढी विश्वसनिय र प्रयोगकर्ता मैत्री वनाउने प्रयास पनि गरिरहेका छौं । सूचना प्रविधिको बढ्दो प्रयोगले अन्ततः करदाताको लागत घट्न गई कर सहभागिताको स्तर सुध्रिने हाम्रो अपेक्षा छ ।

**० करदाता शिक्षा कर प्रशासनको महत्वपूर्ण कार्य हो त्यसैले करदाता शिक्षालाई प्रभावकारी बनाउन कस्ता खालका कार्यक्रम सञ्चालन गर्नु पर्ला ?**

- करदाता शिक्षा हाम्रो प्राथमिक कार्य हो । हामी कर सम्वन्धी सूचनाहरु वढी भन्दा बढि सरल ढंगले करदाताको घर दैलोमा पुऱ्याउने अभियानमा छौं । सम्वन्धित कार्यालयहरुलाई पनि हामी करदाताको पहुँचमानै सेवा पुऱ्याउन निर्देशन गरेका छौं । यसैगरी प्रविधिको प्रयोग गरी मोवाइल, इन्टरनेट मार्फत पनि करदातालाई प्रशिक्षित गर्ने कार्य गरेका छौं । त्यस्तै पर्चा ब्रोसर र छापा मार्फत पनि कर संम्वन्धी सूचना प्रवाह भैरहेको छ । हरेक वर्ष मंसिर १ गते राष्ट्रिय कर दिवस मनाउछौं । त्यसको मुख्य उद्देश्य पनि करदातालाई सूचना प्रवाह गरी सशक्तिकरण गर्नु नै हो ।

**० हाल राजस्व प्रशासनले विगत लामो समयदेखि झेल्दै आएका समस्याहरु जस्तै ननफाइलर, बक्यौता व्यवस्थापन, दर्ता खारेजी लगायतका विषयमा के कस्ता रणनीति अवलम्वन गरिएका छन् ?**

- ननफाईलर, वक्यौता व्यवस्थापन र दर्ता खारेजी कार्यालयका नियमित काममा पर्दछ । यी विषयहरु सवै कार्यालयहरुको कार्यात्मक लक्ष्यमा आवद्ध गरिएका छन् । विभागवाट हुने अनुगमनमा समेत यी विषयहरुलाई उच्च प्रथमिकताका साथ हेरिएको छ । ननफाइलर घटाउन कार्यालयका सवै जनशक्ति उपयोग गर्ने, वक्यौतालाई वर्गिकरण गरी असुली गर्ने र दर्ता खारेजी समयमा नै सम्पन्न गर्ने गरी कार्य गर्न कार्यालयहरुलाई निर्देशन भएको छ ।

**० कर प्रणाली सुधार तथा करको दायरा विस्तारका लागि गरिएका कार्यहरु वारेमा प्रकाश पारिदिनुहोस् ?**

- कर प्रणाली सुधार एउटा गतिशिल काम हो । विगतका वर्षमा थालिएका सुधारका कार्यक्रमहरुले सकारात्मक नतिजा दिएका छन् । कर राजस्व र कूल ग्राहृयस्थ उत्पादनको अनुपात बढेर गएको छ भने आयकरले कर राजस्वमा महत्वपूर्ण हिस्सा लिएको छ । हरेक वर्ष हामीले सुधारका नीति र कार्यक्रम अगाडि सारेका छौं । यस वर्ष पनि कर विवरणमा सुधार गर्ने, उच्च स्तरीय कर प्रणाली पुनरावलोकन आयोगका सुझावहरु कार्यान्वयन गर्ने, विद्युतीय भुक्तानी प्रणाली मार्फत कर प्रकृयाहरु सरलीकरण गर्ने, कर प्रशासनको सक्षमता अभिवृद्धि गर्ने लगायतका कार्यक्रमहरु छन् जसको समयसीमा सहितको कार्ययोजना बनाई कार्यान्वयन थालेका छौं । त्यसै गरी करको दायरा विस्तार गर्न यो वर्ष ३ तीन लाख करदाता थप गर्ने अभियान चलाउने कार्य योजना छ । त्यस्तै करदाता शिक्षा, मोवाइल करदाता शिक्षा, कर सम्वन्धी सूचनाको नियमित प्रवाह गर्ने, लगायतका कार्यक्रम संचालन गरिनेछ । यी कार्यक्रमहरुवाट कर प्रणाली सुधार र करदाता दायरा विस्तारमा महत्वपूर्ण उपलब्धी हासिल हुने मैले ठानेको छु ।

**० हाल ठूला करदाता कार्यालय अन्तर्गतका करदाताको थ्रेसहाल्ड बढाउनु पर्ने अवस्था भएको छ कि छैन ? यस विषयमा यहाँको के विचार रहेको छ ? थ्रेसहाल्ड बढाउनु कत्तिको उपयुक्त हुन्छ ?**

- कुन तह सम्मको करदातालाई कुन कार्यालयको प्रशासन गर्ने भन्ने विषय प्रशासनिक विषय हो । करदाताको संख्या र कर प्रशासनको क्षमताको आधारमा समय समयमा थ्रेसहोल्ह परिमार्जन हुंदै आएको छ । आगामी दिनमा पनि यी विषयहरु अध्ययन गरी थ्रेसहाल्ड परिमार्जन गर्दै लगिने छ ।

**० मुलुक संघीय संरचनामा जाँदा खर्चमा वृद्धि हुने हुन्छ तसर्थ राजस्व परिचालन बढाउनु पर्ने सन्दर्भमा विभागले कुन कुन क्षेत्रमा सुधार गर्नुपर्ला ?**

- निश्चय पनि संघीय शासन प्रणाली खर्चिलो प्रणाली हो । यसले एकातिर प्रशासनिक खर्चमा वढोत्तरी हुन्छ भने अर्को तर्फ जनताको महत्वकांक्षालाई संम्वोधन गर्न ३ (तीन) वटै तहले विकास खर्च वढी गर्न खोज्ने हुंदा संघीय सरकारसंग श्रोतको व्यवस्थापन गर्ने ठूलो चुनौती छ । हाल संविधानले उल्लेख गरेका अधिकार सुची हेर्दा प्रदेश र स्थानिय तहले तत्कालै ठूलो राजस्व परिचालन गर्न सक्ने संभावना म देख्दिन । तसर्थ संघीय सरकारले विद्यमान कर प्रणालीबाटै धेरै राजस्व संकलन गर्नुपर्ने हुन्छ । कुनै नयाँ करारोपण गर्नु भन्दा पनि वर्तमानमा भएको नीतिगत र सहभागिताको अन्तर (GAP)लाई कम गरी राजस्व परिचालनमा सक्षमता ल्याउनु पर्छ । करको दर वृद्धि गर्ने तर्फ हामीले सोच्न सक्दैनौं । अहिलेको खुल्ला र बाहृय बजारसँग एकिकृत भएको अर्थ व्यवस्थामा करको दर वढाउँदा हाम्रो प्रतिस्पर्धात्मक क्षमता झन कमजोर हुन्छ । तसर्थ जति सक्यो सक्षमता अभिवृद्धि गरी सवल राजस्व प्रणाली स्थापित गर्नु नै हाम्रो लागि उत्तम विकल्प हो ।

**० आन्तरिक राजस्व विभागमा कार्य सम्पादनमा आधारित प्रोत्साहन प्रणाली लागू हुँदै आएको**

**छ । उक्त प्रोत्साहन प्रणालीवाट सेवा प्रवाह र कार्य सम्पादनमा के कस्तो परिवर्तन भएको पाउनु भएको छ ? प्रकाश पारिदिनुहोस् ।**

- कार्य सम्पादन प्रोत्साहन प्रणाली अहिलेको व्यवस्थापनमा आएको नवीनतम अवधारणा हो । यो अवधारणा हाम्रो विभागमा करिव १० वर्ष देखि कार्यान्वयनमा छ। यसले कार्य संम्पादनमा राम्रो भूमिका खेलेको मैले पाएको छु। हरेक वर्ष परिसूचककहरु पनि परिमार्जन हुदै आएका छन्। सुरु सुरुमा परिमाणमा बढी जोड दिदै धेरै सूचकहरु राखिए र विस्तारै घटाउदै लगिएको छ। परिसूचककहरुलाई अझ वढी गुणस्तरीय र मापन योग्य वनाउन जरुरी छ। म सुधारिएको कार्य संम्पादन प्रोत्साहन प्रणालीको पक्षमा छु । यसले निरन्तरता पाउनुपर्छ भन्ने मेरो धारण छ।

**० न्यून विजिकरण एवं कारोवारको न्यून मुल्याङ्कनबाट ठूलो मात्रामा कर चुहावट हुने गरेको छ भनिन्छ। यसले राजस्व असुलीका साथै बजार प्रणालीमा असर गर्दछ। यस्तो अवस्था निराकरणका लागि विभागले के कस्ता रणनीति अवलम्वन गरको छ ?**

- न्यून विजिकरण तथा न्यून मूल्यांकन हाम्रो कर प्रणालीमा विद्यमान एउटा समस्या हो। यसका निम्ति विगतदेखि नै अनुसन्धान मूलक कारवाहीहरु भएका छन् । कतिपय करदाता कारवाहीको दायरामा पनि आएका छन्। मेरो विचारमा यो समस्या समाधानका लागि हामी सूचना प्रणालीलाई बलियो वनाउनु पर्छ। भन्सार विन्दूमा घोषणा भएको मूल्यसँग आन्तरिक वजार कारोवार मूल्य भिडान गर्ने प्रणाली विकास र भन्सार विभाग र आन्तरिक राजस्व विभागको सूचना प्रणालीलाई अन्तर्मुख (Interface) गराउनु पर्छ भने बैंकिङ कारोवारलाई थप प्रोत्साहान गर्नु पर्छ। वास्तविक कारोवारलाई नै हाम्रो प्रणालीले सूचनाको रुपमा प्राप्त गर्न सक्यो भने धेरै हदसम्म यो प्रवृत्ति निरुत्साहित हुन्छ । हामीले यो दिशामा काम अगाडि बढाउनु पर्छ । अर्कोतिर हाम्रो अनुसन्धान प्रणालीलाई बढी सूचनामा आधारित, व्यवसायिक र गुणस्तरीय वनाउनु पर्छ । गहिरो र गुणस्तरीय अनुसन्धान प्रणालीले अरु करदाताहरुलाई पनि प्रदर्शनकारी प्रभाव पर्छ र कर सहभागिताको स्तरमा स्वतः सुधार आउँछ । यस दिशातर्फ आगामी दिनमा थप प्रयत्न गरी यस्ता समस्याहरुलाई निराकरण गरिनेछ ।




# करदाता शिक्षा तथा अन्तर्क्रिया कार्यक्रम सम्पन्न

काठमाडौं । करदाता सेवा कार्यालय कालीमाटीको आयोजनामा आ. व २०७३।७४ को भाद्र पहिलो हप्तासम्ममा विभिन्न स्थानमा (दक्षिणकालीको फर्पिङ, किर्तिपुर, कलंकीमा गरी) ५वटा करदाता शिक्षाका कार्यक्रमहरु सम्पन्न भएका छन् । यसै क्रममा असोज ४ गते पूँजीगत लाभकर सम्वन्धी करदाता शिक्षा तथा अन्तरक्रिया कार्यक्रम कलंकीमा सम्पन्न भयो। आन्तरिक राजस्व विभागका निर्देशक श्री नरनाथ गिरिको आतिथ्यतामा सम्पन्न उक्त कार्यक्रममा मालपोत कार्यालय कलंकिका प्रमुख श्री कृष्णप्रसाद ज्ञवाली लगायत पूँजिगत लाभकर कार्यसँग सम्बन्धित अधिकृत र अन्य कर्मचारीहरु, नेपाल लेखापढी कानून व्यवसायी एसोसिएसन जिल्ला समन्वय समितिका जिल्ला अध्यक्ष श्री जितबहादुर लामा, सोही एसोसिएसनका इकाई समिति कलंकीका अध्यक्ष श्री विश्वम्भर मैनाली उपस्थित हुनु भएको थियो। उक्त कार्यक्रममा प्रमुख कर अधिकृत श्री टंकप्रसाद पन्थीले सम्पूर्ण आगन्तुकहरुलाई स्वागत गर्नुहुँदै कार्यक्रमवारे प्रकाश पार्नु भएको थियो । कार्यक्रममा कर अधिकृत श्री हेरम्व शर्मा पौडेलले पूँजीगत लाभकरको सैद्धान्तिक अवधारणा, आयकर ऐनमा सो सम्वन्धमा भएका कानूनी व्यवस्थाहरु र उदाहरण समेत प्रस्तुत गर्नु भएको थियो। विहानको ७.३० बजेबाट सुरु भई १०.०० बजे सम्म भएको सो कार्यक्रममा कार्यपत्रको प्रस्तुती पछि सहभागीहरुसँग अन्तरक्रिया गरिएको थियो।

अन्तरक्रियाको क्रममा मुख्य रुपमा आयकर ऐन तथा पूँजीगत लाभकर निर्देशिकामा रहेका पैत्रिक सम्पत्तिको प्राप्ति र सो को निसर्गमा करको गणना गर्दा रहेका द्विविधा तथा अस्पष्टताहरुलाई उठाइएको थियो। अन्तरक्रियाको अन्तमा नेपाल लेखापढी कानून व्यवसायी एसोसिएन जिल्ला समन्वय समितिका जिल्ला अध्यक्ष जितबहादुर लामाले पैत्रिक सम्पत्तिको निसर्गमा पूँजीगत लाभ कर नलाग्ने हुँदा यस्तो सम्पत्ति प्राप्त गर्नेले सो सम्पत्ति तत्काल बिक्री गर्दा पूँजीगत लाभकर लिन व्यवहारिक नहुने लिए पनि अत्यन्त कम दर ०.५ प्रतिशतका दरले लिनु पर्ने, सट्टा पट्टामा पूँजीगत लाभकर लिन नहुने जस्ता नीतिगत सुधारको माग गर्नु भएको थियो। अन्तरक्रिया कार्यक्रममा सहभागीको तर्फबाट प्रमुख मालपोत अधिकृतले यस्तो कार्यक्रमको आयोजना भएकोमा धन्यवाद दिनु भएको थियो। कार्यक्रममा आन्तरिक राजस्व विभागका महानिर्देशक श्री चुडामणी शर्माबाट कार्यक्रमको सफलताको कामना गर्दै कार्यान्वयन योग्य सुझावहरु भविश्यमा कार्यान्वयन गर्दै जाने हुँदा सुझाव दिन समेत आग्रह गर्नु भएको सन्देश प्रमुख कर अधिकृत पन्थीले सहभागिहरुमा संप्रेषण गर्नु भएको थियो।

अन्तरक्रिया कार्यक्रममा उठेका जिज्ञासामा आन्तरिक राजस्व विभागका निर्देशक श्री नरनाथ गिरी र करदाता सेवा कार्यालय कालीमाटीका प्रमुख कर अधिकृत श्री टंकप्रसाद पन्थीले स्पष्ट पार्नु भएको थियो। निर्देशक श्री गिरिले पैत्रिक सम्पत्ति तिन पुस्ता भित्रको हस्तान्तरण भएमा कर नलाग्ने तर तिन पुस्ता भित्रको खरिद बिक्री कारोवार भएमा पूँजीगत लाभकर आकर्षित हुने, २०५८ चैत्र १९ भन्दा अगाडि देखि स्वामित्व भएको सम्पत्ति बिक्रीमा लागत खर्च दिदा २०५८ चैत्र १८ को बजार मूल्यलाई लागत बांकी १२ पेजमा...

१ पेजको बांकी....

अव्यवहारिक छन् भने समयमा नै जानकारी गराउन पनि उहाले निर्देशन दिनु भएको थियो। कार्यसम्पादनमा कर्मचारीको लगनशीलता र तत्परता जरुरी रहेको बताउनुहुँदै कार्यालयको कार्यसम्पादन पूर्ण नभएसम्म आफ्नो कार्य सम्पादन पूर्ण नहुने शर्माले बताउनुभयो । उहाँले सकारात्मक सोचका साथ आफूलाई क्रियाशिल राखिराख्न प्रमुख कर प्रशासकहरुलाई निर्देशन दिनुभयो ।

सम्झौता हस्ताक्षर भएको मिति देखि २०७४ साल असार मसान्तसम्म लागू रहनेछ । सम्झौतामा हस्ताक्षर गर्ने कार्यालय प्रमुखले राजस्व संकलन लक्ष्य, कार्यगत लक्ष्य, बुढानिलकण्ठ घोषणा पत्र, विभागको कार्ययोजना, निर्देशन तथा परिपत्रलाई आधार मानी कार्य योजना बनाई कार्य सम्पादन गर्नुपर्नेछ।

सम्झौतामा उल्लेख भएका विषयहरुको कार्यान्वयन गर्ने जिम्मेवारी सम्बन्धित कार्यालय प्रमुखको हुने र कार्यान्वयनको सिलसिलामा आवश्यक सहयोग र निर्देशनको जिम्मेवारी महानिर्देशकको हुने गरी कार्यालय प्रमुखले सम्पादन गर्ने विषयलाई वार्षिक रुपमा उल्लेख गरिएको छ। जसलाई मासिक रुपमा कार्य विभाजन गरी कार्य सम्पादन गर्नु पर्नेछ।

सम्झौताको अवधि पूरा नहुँदै कार्यालय प्रमुखको काज तथा सरुवा भएमा विभागको मासिक विभाजनलाई आधार मानी निजको कार्यासम्पादन मूल्यांकन गरिनेछ तथा सम्झौतामा मुख्य गरी प्रोत्साहन प्रणालीमा आधारित सूचकांक कार्यान्वयन निर्देशिकालाई आधार मानी लक्ष्य किटान गरिएको छ।

तोकिएका सूचकहरुको औसत भारमा ८० प्रतिशत भन्दा बढी अंक प्राप्त गरेमा अति उत्तम, ७५ देखि ८० प्रतिशत अंक प्राप्त गरेमा उत्तम र ७५ प्रतिशत भन्दा कम अंक प्राप्त गरेमा न्यून कार्य सम्पादन भएको मानिने गरी मूल्यांकनको आधार मानिएको छ। कार्यालयको कार्य सम्पादनको मूल्यांकन गर्दा भ(क्षक मा उपलब्ध तथ्यांक तथा अभिलेखलाई आधार मानी कार्य सम्पादन स्तर निर्धारण हुने कुरा उल्लेख गरिएको छ।

कार्यालय प्रमुखलाई वृत्ति विकासका अवसरहरु प्रदान गर्दा कार्यसम्पादन मुल्यांकनलाई मुख्य आधार बनाइने र कार्यसम्पादन सम्झौता अनुसार तोकिएको लक्ष्य प्रगतिको लागि कार्यालय प्रमुख महानिर्देशकप्रति पूर्णरुपमा जवाफदेही हुनु पर्नेछ।



सेवा निवृत्त हुनुभएका उपमहानिर्देशक श्री राममणि दुवाडीलाई विदाई गर्नु हुँदै महानिर्देशक श्री चुडामणि शर्मा





कार्यसम्पादन सम्झोता गर्नु हुँदै महानिर्देशक श्री चुडामणि शर्मा



कार्य सम्पादन सम्झौता कार्यक्रममा उपस्थित कर्मचारीहरु

आन्तरिक राजस्व विभाग र कार्यालयवीचमा भएको सम्झौतामा उल्लेख भएको विषयहरु मध्ये देहायका विषयहरुमा विभाग र अर्थ मंत्रालयबीच भएको कार्य सम्पादन सम्झौतामा उल्लेख गरिएका बिषयहरुलाई समेत आधार मानी कार्य सम्पादन सम्झौता भएको छ।

जसमा आर्थिक वर्ष २०७३/७४ को लागि तोकिएको राजस्व संकलनको लक्ष हासिल गर्ने, मूल्य अभिवृद्धि करको नन् फाइलर १५ प्रतिशत र आयकरको ३० प्रतिशत कायम गर्ने, प्रत्येक कार्यालयवाट न्यूनतम ३ वटा कर वक्यौताको अन्तिम तहको कारवाही गर्ने, तोकिए बमोजिमको बेरुजु फछ्र्यौटको लक्ष हासिल गर्ने, मूल्य अभिवृद्धि करको थ्रेसहोल्डको प्रभावकारीरुपमा कार्यान्वयन गर्ने, निवेदन परेका तथा विगतवाट सरी आएका दर्ता खारेजी निवेदन समयमा सम्पन्न गर्ने लगायतका विषयलाई जोड दिइएको छ।

सो अवसरमा हाम्रो महान चाड विजया दशमी, शुभ दीपावली तथा छट पर्वको शुभकामना आदान प्रदान गरिएको थियो । उक्त कार्यक्रमको संयोजन निर्देशक श्री अर्जुन भट्टराईले गर्नु भएको थियो।

# राजस्व शिर्षक संकेत (व्याख्या सहित)

| क्र.सं. | संकेत | राजस्व शिर्षक | व्याख्या |
|---|---|---|---|
| १. | ११११११ | व्यक्तिगत वा एकलौटी फर्म | एकलौटी फर्म तथा व्यक्तिगत आयमा लाग्ने कर यसमा पर्दछ। |
| २. | ११११२ | पारिश्रमिक आय कर | गरेको तलव, ज्याला, मजदुरी, पारिश्रमिक, भत्ता एवं सुविधा, अवकाश भुक्तानी, रोजगारीका सम्बन्धमा गरिएका अन्य भुक्तानी, अध्ययन, अध्यापन आदि विभिन्न स्रोतबाट हुने आयमा लाग्ने कर यसमा पर्दछ। |
| ३. | ११११३ | पूँजीगत लाभ कर व्यक्तिगत | घर, जग्गा, शेयर आदि सम्पत्तिको बिक्री, पट्टा, हक हस्तान्तरण लगायत विभिन्न किसिमका निःसर्गबाट भएको पूँजीगत लाभमा व्यक्ति तथा एकलौटौ फर्मलाई लाग्ने कर यसमा पर्दछ। |
| ४. | १११२१ | सरकारी प्रतिष्ठानहरु | नेपाल सरकारको पूर्ण वा अधिकांश (५० प्रतिशत भन्दा बढी) स्वामित्व भएका सरकारी निकाय तथा त्यस्ता निकायको व्यवस्थापकीय नियन्त्रण भएको निकायको आयमा लाग्ने कर यसमा पर्दछ। |
| ५. | १११२२ | पब्लिक लि. | कुनै विशेष ऐन वा कम्पनी ऐन अन्तर्गत दर्ता भएका पब्लिक लिमिटेड कम्पनी र नेपाल सरकारको ५० प्रतिशत भन्दा कम स्वामित्व भएका कम्पनीको आयमा लाग्ने कर यसमा पर्दछ। |
| ६. | १११२३ | प्रा.लि. | कम्पनी ऐन अन्तर्गत दर्ता भएका प्राइभेट लिमिटेड कम्पनी तथा आयकर ऐन, २०५८ बमोजिम तोकिएको कम्पनीको आयमा लाग्ने कर यसमा पर्दछ। |
| ७. | १११२४ | अन्य निकाय | माथि उल्लिखित उपशीर्षक १११२१ देखि १११२३ भित्र परेका वाहेक अन्य संस्थाहरुः साझेदारी फर्म, सहकारी संस्था, ट्रष्ट, युनिट ट्रष्ट, संघ/संस्था, विदेशी कम्पनी एवं अन्य निकायको आयमा लाग्ने कर यसमा पर्दछ। |
| ८ | १११२५ | पूँजीगत लाभकर निकाय | घर, जग्गा, शेयर आदि सम्पत्तिको बिक्री, पट्टा, हक हस्तान्तरण लगायत विभिन्न किसिमका निःसर्गबाट भएको पूँजीगत लाभमा निकायलार्य लाग्ने कर यसमा पर्दछ। |
| ९. | १११३१ | बहाल कर | घर, जग्गा, सवारी साधन तथा अन्य अचल सम्पत्ति बहाल वा पट्टा वा दीर्घकालिन करारमा दिए वापतको आयमा लाग्ने कर यसमा पर्दछ। |
| १०. | १११३२ | व्याज कर | बैंक, वित्त कम्पनी वा अन्य निकाय वा व्यक्तिबाट भुक्तानी गरिने वा प्राप्त हुने व्याजमा लाग्ने कर यसमा पर्दछ। |
| ११ | १११३३ | लाभांश कर | कुनै पनि कम्पनी वा निकायमा लगानी गरे वापत प्राप्त हुने लाभांशमा लाग्ने कर यसमा पर्दछ। |
| १२ | १११३४ | अन्य लगानीको आयकर | लगानी सम्बन्धी अन्य आयमा लाग्ने कर यसमा पर्दछ। |
| १३ | १११३५ | आकस्मिक लाभ कर | जुवा, चिट्ठा, बाजी, उपहार, दान, अपुताली, सुराकी, पुरस्कार लगायतका आकस्मिक लाभका स्रोतबाट प्राप्त आयमा लाग्ने कर यसमा पर्दछ। |
| १४ | १११३६ | अन्य आयकर | माथि उल्लेखित शिर्षक नं. हरुमा नपरेका अन्य आयमा लाग्ने कर यसमा पर्दछ। |
| १५ | १११२११ | पारिश्रमिकमा आ( धारित सामाजिक सुरक्षा कर | कुनै प्राकृतिक व्यक्तिले रोजगारीबाट प्राप्त गरेको तलव, ज्याला, मजदुरी, पारिश्रमिक, भत्ता एवं सुविधा, अवकाश भुक्तानी, रोजगारीका सम्बन्धमा गरिएका अन्य भुक्तानी, अध्यापन आदि विभिन्न स्रोतबाट हुने समग्र आयमा एकमुष्ट रुपमा तोकिए बमोजिम लिइने सामाजिक सुरक्षा कर यसमा पर्दछ। |
| | | | **मूल्य अभिवृद्धि कर तर्फको** |
| १६ | ११४११ | उत्पादन | उत्पादकर्ताले वस्तु उत्पादन गरी बिक्री गर्दा लाग्ने मूल्य अभिवृद्धि कर यसमा पर्दछ। |
| १७ | ११४१२ | पैठारी | आयातकर्ताले मालसामान पैठारी गर्दा भन्सार विन्दूमै तिर्नुपर्ने मूल्य अभिवृद्धि कर यसमा पर्दछ। |
| १८ | ११४१३ | बिक्री वितरण | थोक तथा खुद्रा बिक्रेताबाट मूल्य अभिवृद्धि करवापत तिर्नुपर्ने रकम यसमा पर्दछ। |

| | | | |
|---|---|---|---|
| १९. | ११४१४ | सेवा | सवै प्रकारका ठेक्का व्यवसाय तथा परामर्श सेवामा लाग्ने मूल्य अभिवृद्धि कर यसमा पर्दछ। मूल्य अभिवृद्धि कर लागू हुनु अगाडि असुल हुन बाँकी रहेका ठेक्का कर असुल भएमा यसैमा जम्मा गर्नु पर्दछ। |
| २० | ११४१५ | पर्यटन व्यवसाय | पर्यटन व्यवसायसँग सम्बन्धित होटल, ट्राभल एजेन्सी, पदयात्रा (ट्रेकिङ) जलयात्रा (र्‍याफ्टिङ) समेतका व्यवसायमा लाग्ने मूल्य अभिवृद्धि कर यसमा पर्दछ। मूल्य अभिवृद्धि कर लागू हुनु अगाडि असूल हुन बाँकी रहेका होटल कर असूल भएमा यसैमा जम्मा गर्नु पर्दछ। |
| २१ | ११४१६ | अन्य सेवा | सवै प्रकारका संचार सेवा (सरकारी हुलाक सेवा बाहेक) बीमा र तोकिएका अन्य सेवाको बिक्रीमा लगाइने मूलय अभिवृद्धि कर र हवाई उडान कर वापतको रकम यसमा पर्दछ। मूल्य अभिवृद्धि कर लागू हुनु अगाडि असुल हुन बाँकी रहेका मनोरन्जन कर असुल भएमा यसैमा जम्मा गर्नु पर्दछ। |
| २२ | ११४१७ | वेदर्तावाल मू.अ.कर रिभर्स चार्ज | |
| **अन्तःशुल्क तर्फको** | | | |
| २३ | ११४२१ | सूर्तीजन्य पदार्थ | सवै प्रकारका सूर्तिजन्य पदार्थको उत्पादनमा लाग्ने अन्तःशुल्क, उत्पादन र बिक्री इजाजत दस्तुर र नवीकरण दस्तुर यसमा पर्दछ। |
| २४ | ११४२२ | मदिरा | मदिरा (वाइन र हल्का पेय पदार्थ समेत) मा लाग्ने अन्तःशुल्क रकम, उत्पादन र बिक्री इजाजत दस्तुर र नविकरण दस्तुर यसमा पर्दछ। |
| २५ | ११४२३ | वियर | वियरमा लाग्ने अन्तःशुल्क रकम, उत्पादन र बिक्री इजाजत दस्तुर र नविकरण दस्तुर यसमा पर्दछ। |
| २६ | ११४२४ | अन्य औद्योगिक उत्पादन | माथि उल्लेखित उपशिर्षक ११४२१, ११४२२ र ११४२३ मा परेको वाहेक अन्य औद्योगिक उत्पादनमा लाग्ने अन्तःशुलक, उत्पादन र बिक्री इजाजत दस्तुर र नविकरण दस्तुर यसमा पर्दछ। |
| २७ | ११४२५ | पैठारी अन्तःशुल्क | नेपाल भित्र पैठारी हुने सामानमा भन्सार विन्दुमै तोकिए बमोजिम लाग्ने अन्तःशुल्क यसमा पर्दछ। |
| **अन्य करहरु** | | | |
| २८ | ११४४१ | वैदेशिक रोजगार आपूर्ति सेवा | वैदेशिक रोजगारका लागि जनशक्ति आपूर्ति गर्दा लाग्ने सेवा कर यसमा पर्दछ। |
| २९ | ११४४२ | स्वास्थ्य सेवा | नेपाल सरकार तथा सामुदायिक अस्पतालले प्रदान गर्ने स्वास्थ्य सेवा वाहेक अन्य स्वास्थ्य संस्थाले प्रदान गर्ने स्वास्थ्य सेवामा लाग्ने कर यसमा पर्दछ। |
| ३० | ११४४३ | शिक्षा सेवा शुल्क शैक्षिक संस्था | निजी शैक्षिक संस्थाहरुले प्रदान गर्ने तोकिएको शैक्षिक सेवाहरुमा लाग्ने शिक्षा सेवा शुल्क यसमा पर्दछ। |
| ३१ | ११४४४ | शिक्षा सेवा शुल्क वैदेशिक अध्ययन | विदेशमा अध्ययन गर्न जाने विद्यार्थीहरुले बुझाउनु पर्ने शिक्षक शुल्कमा लाग्ने सेवा शुल्क वापतको रकम यसमा पर्दछ। |
| ३२ | १४१५२ | क्योसनो रोयल्टी | क्यासिनोबाट प्राप्त रोयल्टी रकम यसमा पर्दछ। |
| ३३ | १४१५६ | अन्य रोयल्टी | माथि उल्लेखित शिर्षक नं. १४१५२ देखि १४१५५ मा परेका वाहेक अन्य रोयल्टीको रकम यसमा पर्दछ। |
| ३४ | १४२१४ | दूर संचार सेवा शुल्क | दूर संचार सेवा शुल्क वापतको रकम यसमा पर्दछ। |
| ३५ | १४२१५ | टेलिफोन स्वामित्व शुल्क | टेलिफोन स्वामित्व वापतको रकम यसमा पर्दछ। |
| ३६ | १४२२७ | अन्य प्रशासिनक दस्तुर | विभिन्न मन्त्रालय, विभाग तथा कार्यालयले लिने टिकट वापतको रकम, बोलपत्र फाराम बिक्रीको रकम, निवेदन दस्तुर, नो अवजेक्शन सर्टिफिकेट दस्तुर, व्यावसायिक प्रमाणपत्र जारी तथा नवीकरण दस्तुर वापत प्राप्त रकम यसमा पर्दछ। |
| ३७ | १४५२१ | अन्य राजस्व | माथिका शिर्षकहरुमा नपरेका अन्य रकमहरु यसमा पर्दछन्। |
| ३८ | १५११२ | क. १.६ बेरुजू | राजस्व बाहेकको बेरुजु रकम यसमा पर्दछ। राजस्व सम्बन्धी बेरुजु सम्वन्धित राजस्व उपशीर्षकमा नै दाखिला गर्नु पर्दछ। |

(कर छुट संस्थाको दर्ता प्रमाणपत्र नवीकरण गराउन दिनु पर्ने निवेदनको ढाँचा)

मिति : ................................

श्रीमान् कर अधिकृत/प्रमुख कर अधिकृत/प्रमुख कर प्रशासकज्यू ,

............................ कार्यालय,

.........................................

**बिषय : आयकर छुट संस्थाको दर्ता प्रमाणपत्र नवीकरण ।**

श्रीमान्,

यस संस्थाले मिति ...................... मा ............................... कार्यालय, ......................... बाट कर छुट संस्थाको दर्ता प्रमाणपत्र प्राप्त गरेकोमा सो प्रमाणपत्र आयकर नियमावली, २०५९ को नियम ५ बमोजिम नवीकरण गरी पाउन यो निवेदन पेश गरेको छु । नवीकरण प्रयोजनका लागि देहायका विवरण तथा कागजातहरु निवेदन साथ संलग्न राखेको छु ।

(क) आर्थिक बर्ष ..... ..... ..... .को बित्तिय विवरण ।

(ख) आयकर ऐन, २०५८ को दफा ९६ बमोजिम आर्थिक बर्ष ..... .... ..... को आय विवरण (आयकर ऐन, २०५८ को दफा १० को खण्ड (छ) मा उल्लिखित आय बाहेक अन्य आय आर्जन गरेकोमा मात्र) ।

(ग) आर्थिक बर्ष ... .... .... .मा अग्रिम कर कट्टी गर्नुपर्ने खर्चहरुको विवरण तथा कर कट्टी गरेको रकम राजस्व दाखिला गरेको प्रमाण ।

(घ) प्रमाण पत्र जारी हुंदाका वखत पेश गरेको संस्थाको विधानमा उल्लेख भएको उद्देश्य परिवर्तन/संशोधन भएको भए सो को प्रतिलिपी ।

**निवेदकको**

दस्तखत:

नाम, थर:

पद वा संस्थामा रहेको हैसियत:

ठेगाना:

फोन/मोवाइल नम्बर:

ईमेल ठेगाना :

संस्थाको नाम र आयकर छुट प्रमाणपत्र नम्बर:

संस्थाको छाप:

नेपाल सरकार

अर्थ मन्त्रालय

आन्तरिक राजस्व विभाग

.............. कार्यालय, .........

## आयकर छुट पाउने संस्था दर्ता प्रमाणपत्र

**आयकर छुट प्रमाणपत्र नम्बरः** **जारी मितिः**

देहायमा उल्लेख भएको संस्था आयकर ऐन, २०५८ को दफा २ को खण्ड (ध) को उपखण्ड (१) को (क) मा उल्लेख भए बमोजिमको नाफा नकमाउने उद्देश्यले स्थापना भएको ........ संस्था रहेको/(ख) मा उल्लेख भए बमोजिमको सामाजिक संस्था रहेको/खेलकुद सम्वन्धी सुविधा प्रवर्द्धन गर्ने उद्देश्यले गठन भएको अव्यवसायी खेलकुद संस्था रहेको देखिएकोले आयकर ऐन, २०५८ को दफा २ को खण्ड (ध) को उपखण्ड (१) तथा आयकर नियमावली, २०५९ को नियम ३ को उपनियम (२) बमोजिम सो संस्थालाई आयकर छुट पाउने संस्थाको रुपमा दर्ता गरी यो प्रमाणपत्र दिइएको छ।

१. **संस्था सम्वन्धी बिवरण**

क) स्थायी लेखा नम्बर :

ख) नाम :

ग) ठेगाना :

घ) फोन नम्बर :

ड.) ईमेल ठेगाना/वेबसाइटः

च) संस्थाको उद्देश्यः

छ) भौगोलिक कार्यक्षेत्र :

२. **संस्थाको प्रारम्भिक दर्ता सम्वन्धी विवरण**

क) दर्ता गर्ने निकायः

ख) दर्ता नम्वरः

ग) दर्ता मितिः

३. **मुख्य ब्यक्तिको बिवरण**

क) नाम र ठेगानाः

ख) फोन/मोवाइल नम्बरः

ग) ईमेल ठेगाना :

(.......................................)

**कर अधिकृत**

# नवीकरण सम्वन्धी विवरण

**संस्थाको नाम:** **आयकर छुट प्रमाणपत्र नम्बर:**

| क्र.सं. | आय वर्ष | नवीकरण भएको मिति | नवीकरण गर्ने अधिकृतको नाम, थर र दर्जा | नवीकरण गर्ने अधिकृतको दस्तखत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

**द्रष्टब्य : यो प्रमाणपत्र प्राप्त गरेको संस्थाले देहाय बमोजिमका ब्यवस्था पालना गर्नु पर्नेछ :**

१. संस्थाको दर्ता प्रमाणपत्रमा उल्लेख भए बाहेक अन्य काम गरेमा कर छुटको सुविधा प्राप्त हुने छैन ।

२. संस्थाले प्राप्त गरेको रकम वा आयमध्ये आयकर ऐन, २०५८ को दफा १० को खण्ड (छ) मा उल्लिखित देहायको रकम बाहेक अन्य आयमा आयकर छुट हुने छैन :

क) चन्दा उपहार, र

(ख) कुनै ब्यक्तिले कुनै प्रतिफल प्राप्त नगरी वा प्रतिफलको आश नगरी संस्थाको उद्देश्यसंग प्रत्यक्ष रुपले सम्बन्धित कार्यका लागि प्रदान गरेका रकम वा योगदानहरु ।

३. संस्थाले चन्दा उपहार र कुनै ब्यक्तिले कुनै प्रतिफल प्राप्त नगरी वा प्रतिफलको आश नगरी संस्थाको उद्देश्यसंग प्रत्यक्ष रुपले सम्बन्धित कार्यका लागि प्रदान गरेका रकम वा योगदान बाहेक अन्य कुनै आय आर्जन गरेमा सो रकमलाई करयोग्य आयमा समावेश गरी आयकर ऐन, २०५८ को दफा ९६ बमोजिम आय बिबरण पेश गरी आयकर ऐन, २०५८ को दफा ९९ बमोजिम कर निर्धारण र दाखिला गर्नु पर्नेछ ।

४. आयकर ऐन, २०५८ को दफा ८७, ८८, ८८क र ८९ बमोजिम कुनै पनि ब्यक्ति वा निकायलाई पारिश्रमिक, सेवा शुल्क वा लगानी प्रतिफल, आकष्मिक लाभ र ठेक्का वा करार वापतको कुनै रकम भुक्तानी गर्दा तत् तत् दफामा तोकिएको दरले हुने रकम अग्रिम कर कट्टी गरी सोको विवरण र करको रकम प्रत्येक महिना समाप्त भएको २५ दिन भित्र सम्बन्धित कार्यालयमा दाखिला गर्नु पर्नेछ ।

५. हरेक आय बर्षको असोज मसान्त भित्रमा यो प्रमाणपत्र नवीकरण गराउनु पर्नेछ । प्रमाणपत्र नवीकरण गराउने प्रयोजनका लागि निवेदन दिदा देहायका कागजात वा विवरण निवेदन साथ संलग्न हुनु पर्नेछ :

(क) गत बर्षको बित्तिय विवरण ।

(ख) आयकर ऐन, २०५८ को दफा ९६ बमोजिम गत बर्षको आय बिबरण (आयकर ऐन, २०५८ को दफा १० को खण्ड (छ) मा उल्लिखित आय बाहेक अन्य आय आर्जन गरेकोमा मात्र) ।

(ग) गत बर्षमा अग्रिम कर कट्टी गर्नुपर्ने खर्चको बिवरण तथा कर कट्टी गरेको रकम राजस्व दाखिला गरेको प्रमाण ।

६. तोकिएको समयमा प्रमाणपत्र नवीकरण नगराएमा कर छुटको सुविधा प्राप्त हुने छैन ।







## अन्त:शुल्क स्टिकर सम्बन्धी कार्यक्रम

**चालु आर्थिक वर्षको राजस्व नीति तथा कार्यक्रमले अन्त:शुल्क स्टिकरको सन्दर्भमा Track and Trace System मा जान अध्ययन अनुसन्धान गर्ने कार्यक्रम राखेको हुनाले सोही कार्यक्रम अनुसार Scipa कम्पनीले असोज ५ गते विभागमा आयोजना गरेको कार्यक्रममा जानकारी गराइयो ।**



१ पेजको बांकी...

हजार संकलन भएको छ। शिक्षा सेवा शुल्क तर्फ लक्ष्यको तुलनामा ९६ प्रतिशत र स्वास्थ्यसेवा कर तर्फ लक्ष्यको तुलनामा ८३ प्रतिशत संकलन भएको छ। गत वर्षको तुलनामा आयकर वृद्धिदर १३८ प्रतिशत, मूल्य अभिवृद्धि कर वृद्धिदर १२३ प्रतिशत, अन्तशुल्कको वृद्धिदर १६८ प्रतिशत, स्वास्थ्य सेवा कर वृद्धिदर १२९ प्रतिशत र शिक्षा सेवा शुल्क वृद्धिदर १३३ प्रतिशत रहेको छ।

५ पेजको बांकी...

खर्च मान्नु पर्ने, ऋण लिएको व्याज खर्च व्यवसायिक कारोवार भएमा कट्टि गर्न पाईने, गैर व्यवसायिक निसर्गमा नपाईने, कमिसन खर्च दावि गर्दा त्यसमा १५ प्रतिशतका दरले अग्रिम कर दाखिला गरेको हुनु पर्ने लगायतका कानूनी व्यवस्थाको बारेमा स्पस्ट पार्नु भएको थियो । यसै गरी आयकर ऐन, नियम तथा निर्देशिकामा भएका द्विविधा तथा अस्पष्टताहरुलाई हटाउन सस्थागत तथा व्यक्तिगत रुपमा सुझाव पेश गर्न अनुरोध गर्दै प्राप्त हुने सुझावलाई छलफलमा लागि उपयुक्त सुझाव समेतको आधारमा सुधार प्रक्रिया अगाडि बढाइने कुरा व्यक्त गर्नु भएको थियो । कार्यक्रमको समापन गर्नुहुँदै करदाता सेवा कार्यालयका प्रमुख कर अधिकृतले यो छलफल तथा अन्तरक्रिया कार्यक्रम पछि पूँजिगत लाभकर संवन्धमा रहेका धेरै द्विविधा हटाउन मद्दत पुगेको, जग्गा तथा घर जग्गा निसर्गमा पूँजीगत लाभकर सम्बन्धी निर्देशिका २०७२ आगामि दिनमा पूर्ण रुपमा कार्यान्बयन हुने र राजस्वमा थप योगदान हुने विश्वास व्यक्त गर्नु भएको थियो ।

**प्रकाशक**
आन्तरिक राजस्व विभाग
लाजिम्पाट, काठमाडौं
फोन नं.: ०१-४४१५८०२, ४४१५८०३, ४४१९७१९
Email: taxbulletin@ird.gov.np
website: www.ird.gov.np

**संरक्षक**
चुडामणि शर्मा

**संयोजन**
दीपक अधिकारी

**सल्लाहकार**
राममणि दुवाडी धनिराम शर्मा

**सम्पादन समूह**
देवनारायण पौडेल अर्जुनप्रसाद भट्टराई
शिवलाल तिवारी प्रकाश शर्मा ढकाल
आनन्द काफ्ले